धुनिवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जुगेडी, धादिङ, बागमती प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

रसुवा भोटेकोशी बाढीमा परी वेपत्ता भएका व्यक्तिको आधिकारिक विवरण पेश गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना !

सूचना प्रकाशित मितिः- २०८३।०७।०९

"रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको आधिकारिक विवरण यकिन गर्ने प्रक्रिया-२०८३" बमोजिम रसुवा भोटेकोशी बाढीमा परि हाल सम्म बेपत्ता भएका व्यक्तिहरुको आधिकारिक विवरण संकलन गरी स्थानीय तहको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन समितिले उक्त विवरणलाई प्रमाणित गरी जिल्ला विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन समिति समक्ष यथासिघ्र विवरण पठाउनुहुन भनि जिल्ला प्रशासन कार्यालय धादिङबाट पत्र प्रेषित भएकोले विवरण माग भई आए अनुसार बेपत्ता भएका व्यक्तिको आधिकारिक विवरण उपलब्ध गराउने प्रयोजनार्थ रसुवा भोटेकोशी बाढीमा परि बेपत्ता भएका व्यक्तिका एकाघरका परिवारका सदस्यले यो सूचना प्रकाशित भएको मितिले ५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा उपस्थित भई तपसिल बमोजिमको कागजात सहित बेपत्ता भएका व्यक्तिको आधिकारिक विवरण पेश गरीदिनुहुन अनुरोध छ ।

तपसिलः-

१) बेपत्ता भएका व्यक्तिको एकाघरका परिवारका सदस्यले बेपत्ता व्यक्तिको नामथर, ठेगाना, उमेर खुल्ने सरकारी कागजात वा पहिचान खुल्ने अन्य कागजात पेश गर्नुपर्नेछ ।

२) विवरण पेश गर्ने व्यक्ति र वेपत्ता भएको व्यक्तिको नाता खुल्ने नाता प्रमाणित कागजात र भोटेकोशी बढीमा वेपत्ता भएको हो भन्ने स्वःघोषणा सहितको निवेदन पेश गर्नुपर्नेछ ।

३) बेपत्ता भएका व्यक्तिको एकाघर परिवारको सदस्य नभएकाको अवस्थामा सम्बन्धित वडा अध्यक्षले, वडा सचिव र स्थानीय प्रहरीको रोहवरमा सोही बाढीबाट वेपत्ता भएको हो भन्ने व्यहोरा उल्लेख गरी स्थलगत रुपमा सर्जमिन मुचुल्का गराई वडा कार्यालयमा निवेदन पेश गर्नु गराउनु पर्नेछ ।

४) वडा समितिले प्राप्त निवेदन र विवरणको जाँचबुझ गरी सार्वजनिक गर्ने र स्थानीय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन समितिमा सिफारिस सहित आधिकारिक कागजात एवं विवरण उपलब्ध गराउनुपर्नेछ ।

-धुनिवेशी नगरपालिका